# निर्वाचन अधिकृतको कार्यालय
## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
## नवौं परिषदको निर्वाचन २०७८

मिति : २०७८/०४/१७

**प्रेष विज्ञप्ति**

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको मिति २०७८/५/१८ गते हुने नवौं परिषदको निर्वाचन कार्यक्रम अन्तर्गत विदेश स्थित मतदातालाई DHL तथा काठमाडौं उपत्यका बाहिर ठेगाना भएका मतदाताहरुलाई हुलाक रजिष्ट्री मार्फत मतपत्र सम्बन्धित मतदाता समक्ष पठाईसकिएको छ ।

मतदानमा अधिकाधिक मतदाताको सहभागीता गराउन तथा निष्पक्ष, स्वच्छ निर्वाचनमा सघाउ पुऱ्याउन सम्बद्ध सबै पक्षमा अनुरोध गर्दै मतदाताले आफ्नो मतपत्र प्राप्त नगर्दै हुलाक कार्यालयबाट मतपत्र फिर्ता भएको, हुलाक कार्यालयबाट मतदाताको ठेगानासम्म मतपत्र नपुऱ्याएको, निर्वाचन अधिकृतको कार्यालयसँग समन्वय नगरी गोश्वरा हुलाक कार्यालय/हुलाक सेवा विभागबाट जारी गरिएको परिपत्र लगायतका विषयमा गुनासो प्राप्त भएकोले उक्त गुनासोहरु व्यवस्थापन गर्न गोश्वरा हुलाक कार्यालयसँग समन्वय भईरहेको व्यहोरा जानकारीका लागि अनुरोध गरिएको छ । साथै, निर्वाचनमा अधिकाधिक सहभागिता तथा निष्पक्ष, स्वच्छ निर्वाचन सम्पन्न गराउन सम्बद्ध सबै पक्षको सहयोगको अपेक्षा गर्दै निष्पक्ष, स्वच्छ निर्वाचन सम्पन्न गराउन निर्वाचन अधिकृतको कार्यालय प्रतिबद्ध रहेको व्यहोरा अनुरोध छ ।

स-धन्यवाद !

सनोज भट्टराई
सहायक प्रवक्ता

निर्वाचन अधिकृतको कार्यालय